# चितवन उपत्यकाको पारिवारिक तथा वातावरण अनुसन्धानका उत्तरदाताहरुको लागि रिपोर्ट
## २०५५

जनसंख्या तथा वातावरण अनुसन्धान प्रयोगशाला
कृषि तथा पशु विज्ञान अध्ययन संस्थान
रामपुर

पश्चिम चितवनमा गएको तीन बर्षदेखि जनसंख्या तथा वातावरण अनुसन्धान सम्बन्धी जानकारी लिने काम भईरहेको छ । आदरणीय उत्तरदाताहरु यस कार्यक्रमलाई समय समयमा जानकारी दिई सहभागी बन्दै आउनु भएको छ । यहाँहरुले दिनु भएको जानकारीहरु सामाजिक, आर्थिक, भौतिक र वातावरणीय परिवर्तनबाट मानिसको जनजीवन तथा वातावरणमा पर्ने प्रभावहरुको अध्ययन गर्नको लागि महत्वपुर्ण श्रोत भएका छन् । यहाँहरुको यस अध्ययन प्रतिको सद्भाव र सहभागीताले मात्र यस किसिमको अध्ययन गर्न सम्भव भएको छ ।

यस अनुसन्धान कार्यलाई ब्यवस्थित तथा वैज्ञानिक बनाउन पश्चिम चितवनमा जम्मा १७१ वटा टोलहरु छानिएका छन् । ती छानिएका टोलहरुमा पाईने सरसुबिधाहरु जस्तै: स्कूल, स्वास्थ्य सेवा, यातायात सुबिधा, मील, कलकारखाना, पुलिसचौकी, मन्दिर, साझा र वातावरणीय स्थिति जस्तै: जमिनको उपयोग, जंगल तथा चरिचरनमा पाईने बोट बिरुवाहरु पनि फरक फरक अबस्थामा रहेका छन् । यी भिन्दा-भिन्दै सरसुबिधाहरु र वातावरणीय अवस्थाले टोलका वासीन्दाहरुको व्यक्तिगत जीवन तथा परिवारमा कस्तो प्रभाब पार्दछ भन्ने अध्ययन गर्न ती टोलहरुमा उपलब्ध सरसुबिधाहरु र वातावरणीय अबस्थाका बारेमा बिभिन्न जानकारीहरु लिईएका छन् ।

त्यसैगरी पारिवारिक अवस्थाका बारेमा अध्ययन गर्न ती टोलमा भएका १,८०२ वटा घरहरुबाट घरधुरी विवरण र खेतीपाती सम्बन्धी जानकारी लिईएको छ । साथै ती टोलहरुमा बसोबास गर्ने बासिन्दाहरुको ब्यक्तिगत जनजीवन र धारणा अध्ययन गर्न १५ बर्ष देखी ५९ बर्ष सम्मका सम्पूर्ण ब्यक्तिहरु र उनीहरुका दम्पतीहरु गरी जम्मा ५,२७१ जनाबाट ब्यक्तिगत जानकारी लिईएको छ । यसरी नै हाल भईरहेका पारिवारिक तथा खेतीपाती सम्बन्धी परिबर्तनको रिकर्ड दुरुस्त

राख्न १५१ टोलहरुबाट घरधुरी घटना दर्ता र सिजन अनुसार खेतीपाती सम्बन्धी जानकारी लिने काम भईरहेको छ ।


अहिले सम्म पनि यस अध्ययनको लागि जानकारी लिने काम भईरहेको भएतापनि हाल सम्म लिईएका जानकारीहरुको आधारमा उत्तरदाताको ब्यक्तिगत गोपनियता भंग नहुने गरी सामूहिक रुपमा जाँच गरिएको छ । जाँच गर्दा पाईएका निचोड तथा काम गर्दा भएका अनुभवहरु नेपाल र अमेरिकामा भएका सभा सम्मेलनहरु, कार्यशाला, गोष्ठीहरुमा कार्यपत्रको रुपमा प्रस्तुत गरिएका छन् । त्यसैगरी ती निचोड तथा अनुभवहरु विभिन्न बैज्ञानिक पत्रपत्रिकाहरुमा प्रकाशित भईसकेका छन् । ती प्रकाशित लेख तथा रचनाहरु संसारका बिभिन्न बिश्वविद्यालयहरुमा पढ्ने पढाउने काममा प्रयोग भईरहेका छन् । यसरी छोटै समयमा नै यस अध्ययनले सामाजिक अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।

अनुसन्धानमा सक्रिय रुपमा सहभागी भई समय समयमा जानकारी दिई रहनु भएका आदरणीय उत्तरदाताहरुलाई आफुले दिएको जानकारीको निचोडहरुको वारेमा जान्न इच्छा हुनु स्वभाविकै हो । यस कुरालाई ध्यानमा राखेर यस अनुसन्धानबाट पाइएका शुरुका नतिजाहरु हाम्रा आदरणीय उत्तरदाताहरुलाई जानकारी गराउन यो पुस्तिका तयार पारेका छौं ।

## जमीनको उपयोग:

पश्चिम चितवन बसोबासको लागि खुलेपछि यहाँको वातावरणीय अवस्थामा निकै परिवर्तन भएको पाईन्छ । बसोबास शुरु भए पछि वनजंगल विस्तारै विस्तारै खेतीगर्ने जमीनमा प्रयोग गर्न थालियो । यसरी वनजंगल नाश हुदै जाँदा

वातावरणमा कस्तो प्रभाव पर्दछ भन्ने कुरा अध्ययन गर्न छनोटमा परेका टोलहरु भित्रका जग्गा नाप जाँच गरी जमीनको उपयोग र खेतीपाती सम्बन्धी बिभिन्न जानकारी लिईएको छ । तलको चित्रमा देखाए झैं झण्डै तिन चौथाई जग्गा कृषि (खेतीपाती) मा प्रयोग गरेको पाइएको छ । बाँकी एक चौथाई जग्गा अन्य उपयोग जस्तै सडक, घर, बोटबिरुवा, नहर, कुलो आदिमा प्रयोग भएको पाईएको छ भने करिव २ प्रतिशत जग्गा मात्र साझा जमीन जस्तै गौचरनको रुपमा प्रयोग भएको पाईन्छ ।




## बोट बिरुवा सम्बन्धी जानकारी:

बढ्दै गएको बसोवास र त्यसको साथ साथै भएका बिकास निमार्णका कामहरुवाट बोट बिरुवामा पनि प्रभाव पर्दछ । त्यसैले अध्ययन क्षेत्रमा पाईने बोट बिरुवाहरुमा बढ्दै गएको बसोवासको चाप र विकास निर्माणका कामहरुको कस्तो प्रभाव परेको छ भन्ने कुरा अध्ययन गर्न २६५ नमुना प्लटहरु


छुट्याई ती प्लटहरुमा पाईने बोट बिरुवाहरुको जाति प्रजाति अनुसार गर्न्ने काम भएको छ । यस क्षेत्रमा जम्मा २८ जातका रुखहरु, ७४ जातका बुट्यानहरु र २१७ जातका घाँस बोटहरु पाईएको छ । साल, सिसौ, क्यामुन, साज, भेल्लर, सिमल आदि यहां पाईने मुख्य मुख्य रुखहरु हुन् भने बुट्यानमा मैनकाँडा, बनमारा, अरारीकाँडा, असारे र देशीबयर आदि हुन् । त्यस्तै गरी शीरु, दुवो, काँस, कुरो, घोडेदुवो आदि झारका बोटहरु पर्दछन् ।

## स्कूल र स्वास्थ्य सेवा :

मानिसको जीवनमा शिक्षा र स्वास्थ्य सेवाको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले अध्ययन क्षेत्रमा भएका सम्पूर्ण स्कूल र स्वास्थ्य सेवाहरु जस्तै अस्पताल, हेल्थपोष्ट तथा क्लिनिकहरुका बारेमा जानकारी लिईएको छ । पश्चिम चितवनमा सबै भन्दा पहिले २०११ सालमा नारायणगढमा र शिसाबासमा गरी जम्मा दुईवटा स्कूल खुलेको पाईन्छ । त्यसपछि स्कूलहरुको संख्या बढ्दै गई २० वर्षमा अर्थात २०३१ सालमा ६८ वटा स्कूलहरु स्थापना भएको देखिन्छ भने २०५१ सालमा यो संख्या १२३ पुगेको पाईन्छ । यस स्थितिलाई हेर्दा ४० बर्षको अन्तरमा स्कूलको संख्यामा करिव ६१ गुणाले बृद्धि भएको पाईन्छ ।

त्यसैगरी स्वास्थ्य सेवाको क्षेत्रमा २०१३ सालमा नारायणगढमै पहिलो स्वास्थ्य सेवा खुलेको पाईन्छ । २०३१ सालमा यो संख्या बढेर २३ पुगेको पाईन्छ । तर त्यस पछि भने स्वास्थ्य सेवाको क्षेत्रमा निकै बृद्धि भई २०५१ सालमा यो संख्या ८२ पुगेको पाइन्छ । यसरी जनसंख्याको बृद्धि संगै शिक्षा र स्वास्थ्य सेवाको क्षेत्रमा निकै बृद्धि भएको देखिन्छ । तर स्कूलको तुलनामा स्वास्थ्य सेवाको संख्यामा कम बृद्धि भएको देखिन्छ ।


# स्कूल र स्वास्थ्य सेवा




## जन्मस्थान सम्बन्धी जानकारी :

मानिस जन्मेको र हुर्केको ठाउँ तथा बसाई सराईले उक्त व्यक्तिको जीवनमा सिधै असर पारेको हुन्छ । चितवनमा धेरै ठाउँबाट मानिसहरु आई बसोबास गरेको कुरा हामी सबैलाई थाहै छ । यहाँ बसोबास गर्ने कति कति मानिसहरु कुन-कुन ठाउँमा जन्मेका रहेछन् त भन्ने कुरा निकै चाख लाग्दो हुनसक्छ भनेर यस सम्बन्धी जानकारी पनि लिईएको थियो । तलको चित्रमा देखाए जस्तै झण्डै आधा (४६ प्रतिशत) जति उत्तरदाताहरु चितवन जिल्लामा जन्मेको पाईयो भने करिब एक चौथाई मात्र हाल आफु बसेको टोलमा जन्मेको पाईएको छ । चितवन जिल्ला बाहिर जन्मनेहरुमा सबै भन्दा बढी ८ प्रतिशत लमजुङ्गमा, करिब ६ प्रतिशत जति गोर्खा र साढेचार/साढेचार प्रतिशत कास्की र तनहुँमा तथा ५ प्रतिशत बाग्लुङ्गमा जन्मेको पाइन्छ । यी बाहेक करिब १८ प्रतिशत भन्दा अली बढी उत्तरदाताहरु नेपालका अन्य जिल्लामा जन्मेको र बाँकी ८ प्रतिशत भने नेपाल बाहिर (अरु देशमा) जन्मेको पाईन्छ ।


## जन्मस्थान




## जातीय समूह :

यहाँ बिभिन्न जाती, धर्म, संस्कृतिका मानिसहरु बसेका छन् । कुन कुन जातीय समूहका मानिसहरु के कति छन् भन्ने कुरा अध्ययन गर्न जातीय समूहको पनि जानकारी लिईएको थियो । तलको चित्रमा देखाए जस्तै यस अध्ययनमा बाहुन/क्षेत्री ४६ प्रतिशत गुरुङ्ग, तामाङ्ग, मगर र चितवनका आदिबासी भनिने थारु, दराई, कुमाल आदि १७/१७ प्रतिशत परेका छन् । त्यस्तैगरी कामी, दमाई, सार्की आदि ११ प्रतिशत र नेवार ६ प्रतिशत परेका छन् । करिव ३ प्रतिशत मात्र उत्तर दाताहरु अन्य जातीय समूहका (मुसलमान तथा भारतीय मूलका जात स्पष्ट नभएका) छन् ।

## जातिय समूह





## शैक्षिक स्थिती :

तलको चित्रमा देखाए जस्तै सबै मध्ये ५९ प्रतिशत उत्तर दाताहरुले लेखपढ् गर्न सक्ने देखिन्छन् भने ४१ प्रतिशत लेखपढ् गर्न नजान्ने देखिन्छन् । महिला र पुरुषहरुलाई छुट्याएर हेर्दा लेखपढ् गर्न जान्ने महिलाहरुको भन्दा पुरुषहरुकै संख्या बढी देखिन्छ । करिब ४६ प्रतिशत महिलाहरु लेखपढ् गर्नसक्ने र करिब ७२ प्रतिशत पुरुषहरुले लेखपढ् गर्न सक्ने देखिन्छ ।

त्यसैगरी अध्ययन क्षेत्रमा बिद्यार्थी संख्याको अध्ययन गर्दा २०११ सालमा जम्मा ६० जना मात्र बिद्यार्थीहरु भएको पाईन्छ भने यो संख्या बढेर २०३१ सालमा ११,०१४ पुगेको देखिन्छ । त्यसरी नै २०५१ सालमा २०३१ सालको तुलनामा

# शैक्षिक स्थिती




चार गुणाले बृद्धि भई ४३,७९५ पुगेको पाईन्छ । केटा र केटीको संख्यालाई तुलना गरेर हेर्दा २०११ सालमा करिब ७ प्रतिशत मात्र केटीहरु भएकोमा २०३१ सालमा उनीहरुको संख्या बढी २६ प्रतिशत पुगेको देखिन्छ । त्यसै गरी २०५१ सालमा केटीहरुको संख्या अझ बढ्न गई ४७ प्रतिशत पुगेको देखिन्छ । यसरी हेर्दा केटाहरु भन्दा केटीहरुको संख्यामा निकै बढेको देखिन्छ ।

## बिभिन्न सालमा बिद्यार्थीहरुको संख्या :

| साल | २०११ | २०३१ | २०५१ |
|---|---|---|---|
| केटीको संख्या | ४ | २,९१३ | २०,७६२ |
| केटाको संख्या | ५६ | ८,१०१ | २३,०३३ |
| जम्मा संख्या | ६० | ११,०१४ | ४३,७९५ |

## छोराछोरीको पढाई सम्बन्धी धारणा :

छोरा र छोरीको पढाईको वारेमा मानिसहरुको धारणा बुझ्न तपाईको विचारमा तपाईको छोराले क्याम्पस पढ्नै पर्छ जस्तो लाग्छ कि, नपढे पनि ठिकै छ जस्तो लाग्छ कि, क्याम्पस सम्म त नपढे पनि हुन्छ जस्तो लाग्छ ? वा तपाईको विचारमा तपाईको छोरीले क्याम्पस पढ्नै पर्छ जस्तो लाग्छ कि, नपढे पनि ठिकै छ जस्तो लाग्छ कि, क्याम्पस सम्म त नपढे पनि हुन्छ जस्तो लाग्छ ? भन्ने प्रश्न सोधिएको थियो । यी प्रश्नको जबाफमा धेरैजसो उत्तरदाताहरुले छोरा वा छोरी दुबैले क्याम्पस पढ्नै पर्छ भन्ने धारणा बताएको पाईन्छ । तैपनि छोराहरुको तुलनामा छोरीले क्याम्पस पढ्नै पर्छ भन्ने धारणा अलि कमै उत्तरदाताहरुले बताउनु भएको पाईन्छ ।

९३ प्रतिशत उत्तरदाताहरुले छोराले क्याम्पस सम्म पढ्नै पर्छ भन्ने जानकारी दिएको पाईन्छ भने ८९ प्रतिशत मात्र उत्तरदाताहरुले छोरीले क्याम्पस सम्म पढ्नै पर्छ भन्ने जानकारी दिएको पाईन्छ । तर पनि करिब तीन प्रतिशत उत्तर दाताहरुको बिचार छोराले क्याम्पस सम्म नपढे पनि हुन्छ भन्ने पाईयो भने यो भन्दा अलि बढी अथवा करिब ५ प्रतिशत उत्तरदाताहरुले छोरीले क्याम्पस नपढे पनि ठिकै छ भन्ने बिचार दिनुभएको पाईन्छ । छोरा वा छोरीले क्याम्पस सम्म पढ्नै पर्छ भन्ने धारणा महिलाहरु भन्दा केहि बढी नै पुरुषहरुको भएता पनि खासै त्यति ठुलो फरक देखिदैन् । यसको उल्टो छोरा वा छोरीले क्याम्पस नपढे पनि ठिकै भन्ने धारणा भने पुरुष भन्दा महिलाहरुमा केहि बढी नै पाईन्छ ।

## रोजगारी वा पेशा सम्बन्धी जानकारी :

आफ्नो जिन्दगीमा उत्तरदाताहरुले के के काम गर्नु भएको थियो भन्ने सम्बन्धी पनि जानकारी लिईएको थियो । करिब ४२ प्रतिशत उत्तरदाताहरुले आफ्नो जिन्दगीमा कुनै

समयमा ज्यालादारी काम गरेको पाईन्छ भने करिब एक चौथाई (२७ प्रतिशत) ले तलबी जागीर खानुभएका पाईन्छ । त्यसैगरी करिब १५ प्रतिशत ब्यक्तिहरुले आफ्नै घरमा ब्यबसाय गरेको पाईन्छ भने करिब ५ प्रतिशतले घर बाहिर ब्यबसाय गरेको पाईन्छ । यसरी नै तीन प्रतिशत भन्दा अलि बढी उत्तरदाताहरुले आफ्नो जिन्दगीमा कुनै समयमा सैनिक सेवामा काम गरेको पाईन्छ ।

## आदरणीय उत्तरदाताहरुको सहयोगको महत्व :

यसरी लिईएका जानकारीहरु बिभिन्न समयमा भएका सामाजिक, आर्थिक, भौतिक र वातावरणीय परिवर्तनहरुबाट यहां बस्ने मानिसहरुको पारिवारीक स्थिति, उनीहरुको सामाजिक जनजीवन, जमीनको उपयोग तथा यहाँ पाईने बोट बिरुवाहरुमा कस्तो किसिमको प्रभाव पर्दछ भन्ने वारेमा अध्ययन गर्न महत्वपूर्ण श्रोतहरु भएका छन् । यहाँहरुले दिनु भएको जानकारीहरुबाट मात्र यस किसिमको अध्ययन गर्ने सम्भव भएको छ, जसले सामाजिक अध्ययनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसरी यहाँहरुले यो अध्ययन गर्ने काममा देखाउनु भएको सद्भाव तथा सहयोगको लागि धेरै धेरै धन्यबाद दिन चाहन्छौं । यसरी नै फेरि फेरि पनि तपाईहरुको सहयोग पाईरहने आशा गर्दछौं । यस अध्ययनको बारेमा अरु बढी जानकारी चाहनु हुने उत्तरदाता तथा महानुभावहरुले प्रमुख अनुसन्धानकर्ता प्रोफेशर डा. विलियम एक्सिन तथा सह अनुसन्धानकर्ता डा. गणेश प्रसाद शिवाकोटी अथवा यस अनुसन्धानको कार्यालय रामपुरमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।